संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी
राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन

■ बर्ष-१५, ▶▶ अंक ३४० ▶▶ असार १५ मंगलबार ,२०७८, June –29 Tuesday 2021, यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. ५/- www.majhkharka.com

**बितरक चाहियो**

त्रियुगा नगरपालिका उदयपुरको वडा नम्बर ९ राटमाटे, वडा नम्बर १० बोक्स, करमगाछी र नयाँबस्ती क्षेत्रमा मुलुकी दैनिक पत्रिका बितरण गर्ने बितरक चाहियो। सम्पर्क - ९८४२९८५१८८

## निषेधाज्ञा ७ दिन थपियो

❖ बेद कुमारी राई

*उदयपुर, असार १४*

जिल्ला प्रशासन कार्यालय उदपुरले पुन ७ दिन आगामी असार २१ गतेसम्मलाई निषेधाज्ञा थप गरेको छ। कोरोना भाईरस नियन्त्रण तथा रोकथाम लाई निरन्तरता दिँदै निषेधाज्ञा थप गरेको प्रशासनको सूचनामा उल्लेख गरिएको छ।

अहिलेसम्म पनि जिल्लामा कोरोना संक्रमण नरोकिएका र दैनिक परिक्षाणमा संक्रमण फेला परिरहेको भन्दै तत्कालै पूर्ण रुपले निषेधा खोलीहाल्नु नहुने सूचनामा उल्लेख गरिएको छ। सूचनामा १४ गते रातको १२ बजेदेखि २१ गते रातको १२ बजेसम्मको लागि फेरी निषेधाज्ञा थप गरिएको जानकारी गराइएको छ। निषेधाज्ञा पहिले भन्दा सहज बनाएर थप गरिएको पनि प्रशासनले जनाएको छ।

*- बाँकी ३ पेजमा*

# १० हजार बिरुवा बितरण

❖ मनिता कुमारी राई

*उदयपुर, असार १४*

जिल्ला बन कार्यालय उदयपुरले उदयपुरका तिन नगर पालिकामा १० हजार फलफुलका बिरुवा बितरण गरेको छ।

डिभिजन बन कार्यालय उदपुर अन्तंगतका त्रियुगा नगर पालिका, चौदण्डी नगरपालिका र बेलका नगरपालिकामा १० हजार बिभिन्न फलफुल जातीका बिरुवा बितरण गरेको जिल्ला बन कार्यालय उदयपुरका सुचना अधिकारी जागेश्वर साहले जानाकारी दिए। उनका अनुसार फलपफुलको विरुवा रौतहट जिल्लाबाट आयात गरेर जिल्लाका कृषकहरुलाई बितरण गरिएको सहायक अधिकृत समेत रहेका सुचना अधिकारी साहले बताए। फलफुलको बिरुवा बितरणको लागि गत बर्ष ५ लाख बजेट आएकोमा यो बर्ष १० लाख बजेट रहेको पनि साहले बताए। त्रियुगा नगरपालिका, बेलका नगरपालिका, चौदण्डीगढी नगरपालिकालाई आँप १५-१५ सय, लिची ३-३ सय, कटहर १-१ सय बिरुवा बितरण गरिएको थियो। १० हजार बिरुवामा बाँकी जिल्ला बन कार्यालय उदयपुरमा नै संघ, संस्था, सवसाधरणलाई माग अनुसार बितरण गरिएको बन कार्यालयले जनाएको छ। सर्वसाधरणलाई माग अनुसार एक वटा विरुवादेखि लिएर १०-२० वटासम्म विरुवा दिईएको थियो। त्यस्तै संघ संस्थाहरु, सरकारी कार्यालयहरुलाई माग अनुसार एक सयदेखि ४ सय वटासम्म बिरुवा दिईएको थियो। गतवर्ष वितरण गरिएको विरुवाले यो वर्ष राम्रो नतिजा दिएकोले यो वर्ष बिरुवा बितरणमा दोब्बर बजेट परेको बन कार्यालयको भनाई छ। दुई बर्षअघिदेखि सुरु गरिएको बिरुवा बितरणले उदयपुर जिल्लामा दुई बर्षपछि फलफुल उत्पादन सुरु हुनेछ।



## निषेधाज्ञा ७ दिन थपियो

❖ मुलुकी संवाद्दाता

*उदयपुर, असार १४*

उदयपुरमा असार १४ गते सोमबार थप ४१ जना कोरोना संक्रमित थपिएको छ। जिल्लाको त्रियुगा, कटारी, बेलका, चौदण्डीगढी र लिमचुङबुङ गाउँपालिकाका संक्रमितहरुमा सोमबार थपिएका हुन्।

थपिएका नयाँ संक्रमितहरुमा २१ पुरुष र २० महिला रहेको छन्। स्वास्थ्य कार्यालय उदयपुरले गर्दै आएको दैनिक कोरोना परिक्षणका क्रममा पछिल्लो समय जिल्लामा ४१ संक्रमित थप भएको हो। यो सँगै जिल्लामा संक्रमितको कुल संख्या २२८४ पुगेको छ। यस मध्य ४९ जनाले ज्यान गुमाई सकेको छ भने १८२० ले कोरोना जितेर घर फर्किएका छन्। पछिल्लो २४ घण्टामा कोरोना बाट मृत्यु हुने संख्या बढेको छैन्। केहि दिन देखि मृतको संख्या ४९ जनामै कायम रहेको छ।

# उदयपुर हाक्ने प्रहरी अधिकारीहरु आइजिपी पनि बनेका छन्


❖ बुद्धि कुमार राई


*उदयपुर, असार १४*

जिल्ला प्रहरी कार्यालय उदयपुरका पहिलो कार्यालय प्रमुख थिए प्रहरी निरिक्षक इन्सपेक्टर अशोककुमार श्रेष्ठ २०२५ साल मंसिर २४ गते। उनी उदयपुरमा उनी त्यसबेला २०२९ साल पुस २९ गतेसम्म ४ वर्ष एक महिना ५ दिन बसे।

उदयपुरका ३९ औं प्रहरी प्रमुख भएर आएका सुनसरीका भिम बहादुर दाहाल उनी गत बर्ष २०७७ साल असार २ गते उदयपुर आएर आफ्नो एक बर्षे कार्यकाल पुरा गरी २०७८ साल असार १४ गते सोमबार नेपाल प्रहरी प्रदेश नम्बर १ को अपराध अनुसन्धान विभाग धरान सुनसरी सरुवा भएर गईसकेका छन्। अब उदयपुरको ४० औं प्रहरी प्रमुख भएर लमजुङमा जन्मिएका सुबास चन्द्र बोहोरा २ नम्बर प्रदेश प्रहरी कार्यालय जनकपुर बाट उदयपुर आउँदैछन्। उदयपुरमा कार्यक्षेत्र बनाएर राम्रो छबि बनाएका प्रहरी अधिकारीहरु नेपाल प्रहरीको नेतृत्वमा समेत पुगेका छन्। २०२५ सालदेखि २०४३ सालसम्म उदयपुरमा प्रहरी निरिक्षक इन्सपेक्टरको दरबन्दी रहेको थियो। उदयपुरमा २०४३ साल कातिक १३ गते पहिलो पटक प्रहरी नायव उपरिक्षक

*- बाँकी २ पेजमा*










# बि एण्ड बि किराना पसल










गुणस्तरीय सामान सस्तो, सुपथ मुल्यमा बि एण्ड बि किराणा पसल। स्थान - गाईघाट, डियम गेटदेखि पूर्व तिन सय मिटर भित्र पुरानो गाईघाट, फुलचोकजाने बाटो। उदयपुर।

सम्पर्क - ९८०३२९८०३२ प्रोपाइटर - **एनुचामलिङ राई**

# इंग्ल्याण्ड र जर्मनीको प्रि – क्वाटर फाइनलमा कसले बाजी मार्ला ?

❖ बिबेक राई

*उदयपुर, असार १३*

'यूरोपमा जारी १६ औं यूरोकपमा अहिले समुह चरणपछिको शिर्ष १६ का नकआउट खेलहरु चलिरहेको छ। शिर्ष १६ अर्थात प्रि-क्वाटरफाइनलमा आज अन्तिम दुई खेल हुँदैछ। आज राति ९:४५ बजे इंग्ल्याण्ड र जर्मनीले प्रतिस्पर्धा गर्दैछ। त्यसपछि मध्यराति अर्थात बुधबार बिहान १२:४५ बजे स्वीडेन र युक्रेनले खेल्नेछन्। यूरोकपमा जर्मनी र स्पेन सर्वाधिक तीनतीन पटकको विजेता भएकोले पनि मंगलबार जर्मनीले खेल्ने खेलले धेरैको ध्यान तान्ने देखिन्छ।

उसो त फिफा वरियतामा इंग्ल्याण्ड चौथो स्थानमा छ भने जर्मनी १२ औं स्थानमा छ। प्रतियोगितामा अहिलेलाई जर्मनीभन्दा इंग्ल्याण्डको प्रदर्शनलाई सन्तुष्ट मान्न सकिन्छ। इंग्ल्याण्ड समुह डी को विजेता र जर्मनी समुह एफ को उपविजेता बन्दै प्रि-क्वाटरफाइनलमा आएका हुन्। इंग्ल्याण्डले समुह चरणमा एउटै खेल हारेको थिएन। समुह चरणमा इंग्ल्याण्डले क्रोएशियालाई १-० ले हराएपछि छिमेकी देश स्कटल्याण्डसँग गोलरहित बराबरी खेलेको थियो। त्यसपछि चेक रिपब्लिकलाई १-० ले हराउँदै समुहको विजेता बन्दै शिर्ष १६ आइपुगेको हो।

इंग्ल्याण्डको लागि दुवै खेलमा जीत दिलाउन रहिम स्टर्लिङले गोल गरेका थिए। इंग्ल्याण्डले समुह चरणमा बराबरी गरेको स्कटल्याण्ड समुह चरणबाटै बाहिरिएको थियो। तर इंग्ल्याण्डले पराजित गरेको टोली क्रोएशिया र चेक रिपब्लिक भाग्य र नतिजाले आफू अनुकुल साथ दिएपछि समुह उपविजेता र उत्कृष्ट तेस्रो बन्दै शिष १६ मा आउन सफल भए। उता ग्रुफ अफ डेथ मानिएको समुह एफ बाट जर्मनीले उपविजेताको हैसियतमा शिर्ष १६ को यात्रा गरेको हो।

जर्मनीले समुह चरणको पहिलो खेलमै आत्मघाती गोलले गर्दा फ्रान्ससँग १-० ले हारेको थियो। दोस्रो खेलमा पोर्चुगललाई ४-२ र अन्तिम खेलमा हंगेरीसँग २-२ को बराबरी खेलेपछि जर्मनीको शिर्ष १६ को यात्रा पक्का भएको थियो। त्यसपछि मध्यराति स्वीडेन र युक्रेनको खेल हुँदैछ। स्वीडेन समुह ई को विजेता र युक्रेन समुह सी बाट उत्कृष्ट तेस्रो हुँदै शिर्ष १६ मा आइपुगेको हो। यी दुई खेलको विजेताले पछि क्वाटरफाइनलमा एकअर्काको सामना गर्नेछ।

त्यसैगरि इंग्ल्याण्ड र जर्मनी तथा स्वीडेन र युक्रेन बीचको खेलको अनुमान लाएर उपहार जीत्नुहोस। Predict and win (sponsor: Balampaki Hotel Gaighat, Organizer: Muluki Daily)

efu lng Dof;]hdf ENG0-0 GER jf SWE 0-0 UKR

आफ्नो अनुमानको नतिजा टाइप गरि ९८०५९३७५५९ मा म्यासेज गर्नुहोला। खेल सुरु हुनु १५ मिनेटअघि आएको अनुमान मात्र मान्य हुनेछ।

## उदयपुर.....



डिएसपी चन्द्रबहादुर कार्की आएका थिए। त्यस्तै डिएसपीले कमाण्ड सम्हाली रहेको उदयपुरमा २०६९ साल असोज २५ गतेदेखि प्रहरी उपरिक्षक एसपीले जिल्लाको नेतृत्व गरिहरहेका छन्। उदयपुरमा प्रहरी नायब उपरिक्षक डियसपी भएर २०५१ सालमा उदयपुरमा काम गरेका उपेन्द्रकान्त अर्याल नेपाल प्रहरीको आईजीपी समेत भएका थिए। उदयपुरको ३९ प्रहरी प्रमुख भएका भिम बहादुर दाहाल सुनसरी जिल्लाको धरान उपमहानगरपालिका १३ मा जन्मिएका हुन। प्रहरी निरिक्षकदेखि प्रहरी सेवामा प्रवेश गरेका भिम बहादुर दाहाल अहिले नेपाल प्रहरीको प्रहरी उपरीक्षक एसपीको जिम्मेबारीमा छन। भोजपुर घोडेटार मावली भएका एसपि दाहालका बुबा इन्द्र बहादुर दाहाल र आमा पदम माया दाहालका छोराहरु ३ दाजुभाइ र एक बहिनी छन। सामान्य किसान परिबारमा जन्मेका उनका बुबा पनि धरानमै जन्मेका हुन। जेठो दाजुको निधन भएसकेको छ। उनी माइलो छोरा हुन भने उनका कान्छा भाइ बाहिर देश युकेमा बसोबास गर्दैआइरहेका छन् भने दिदी चितवनमा बिबाहा गरेर घर ब्यवहार सम्हालीरहेकी छिन्। एसपि दाहालले बिधालय तहको शिक्षा सरकारी बिधालय जनता माध्यमिक बिधालय फुसे धरान सुनसरीबाट लिए। उच्च माध्यमिक तहको शिक्षा महेन्द्र बहुमुखी क्याम्पस धरानबाट स्नातक तह बिकम गरेका हुन। एसपि दाहालले मास्टर डिग्री काठमाडौस्थित शंकरदेब क्याम्पसबाट गरे भने अर्को मास्टर बिषयमा त्रिभुवन बिश्वबिधालय बाट गरेका हुन। २०५४ सालमा नेपाल प्रहरीको प्रहरी निरीक्षकबाट सेवामा प्रबेश गरेका दाहालले अहिले सेवा गरेको २४ बर्ष बितिसकेको छ। यो २४ बर्षको सेवा अबधिमा उनले नेपाली जनताको धेरै सेवा गरेका छन। नेपाल प्रहरिको निरीक्षक हुनु पहिले उनी क्याम्पस पढ्दै काठमाडौको एक निजि आदर्श विद्या मन्दिरमा कम्प्युटर साइन्स शिक्षण समेत गरेका थिए। सुदुर पुर्बको झापादेखि सुदुर पश्चिमको कन्चनपुरसम्मको जिल्लाहरुमा उनले काम गरेका छन। झापामा जिल्ला सहइन्चार्ज, इलाम को जिल्ला इन्चार्ज, कंचनपुरको बिरेन्द्रनगर, बिराटनगर, धरान,सिन्धुपाल्चोक लगायत ७ जिल्लामा रहेर काम गर्ने अबसर पाए। २०७७ साल असार २ गते उदयपुर आएका एसपि दाहाल १ बर्षे आफ्नो कार्यकाल पूरा गरि २०७८ साल असार १४ गते सोमबार नेपाल प्रहरि प्रदेश नम्बर १ को अपराध अनुसन्धान शाखा धरानमा सरुवा भएका छन। आफ्नो १ बर्षे कार्यकालमा सन्तोषजनक काम गरेको अनुभूति गर्ने एसपि दाहाल जिल्लाको प्रहरी सङगठनलाई गतिमा सहि तरिकाले नेतृत्व गर्न सफल भए। जिल्ला प्रहरी कार्यालय उदयपुरले कोबिड, क्वारेन्टाइन, कोबिड अस्पताल, आइसोलोसन बनायर संचालन गर्न सफल भएको उनको भनाइ छ। जब उनी उदयपुर प्रहरीको नेतृत्व लिए उनले २९ वटा कार्ययोजना बनाएर काममा लागे। जिल्लाको शान्ती सुरक्षा, लागुओउषद, नियन्त्रण गर्न प्रहरीले धेरै प्रयास गरे। उदयपुर लागुओउसद नियन्त्रण गर्न उनी लागीपरे। युवाहरुलाइ लागू ओउसदबाट मुक्त हुन उनका केही महत्त्वपूर्ण सुझावहरु छन। उदयपुरमा लागू औषद नियन्त्रण गर्न हामी सबै नागरिक सचेत, शिक्षित हुन जरुरी देख्छन।



अन्य जिल्लाहरु भन्दा उदयपुर काम गर्न सहज भएका कारप धैरै काम गर्न सजिलो भएको उनको भनाइ छ। आर्थिक बर्ष उदयपुर जिल्लामा उनले १ बर्षे कार्यकालमा १ सय ५५ लागुओउषद को बिक्री गर्ने सप्लायर्स र ५९ जना लागुओउसद प्रयोगकर्तालाई कार्बाही गरे। उदयपुर जिल्लामा लागुओउसद नियन्त्रण गर्न, गाजाको प्रयोगकर्ता समात्न छिमेकि जिल्ला समेत गयर समातेर कारवाही गरे। प्रहरी सेवामा लागेका उनी यदि प्रहरी सेवामा नलागेको भए अहिले प्राध्यापक या बिदेश तिर हुने थिए कि भन्छन्। फुर्सदको समयमा उनी गिटार बजाएर गित गाउँछन्,गित सुन्छन्। गित संगित बाहेक उनी ब्याडमिन्टन खेलका खेलाडी पनि हुन्। उनी उदयपुरमा रहँदा दैनिक ब्याडमिन्टन खेल्थे। प्रहरी पेशालाई जागिर भन्दा पनि उनी सेवा मान्दछन्। जनतको सेवा गर्न पाएकोमा उनी खुशी छन्। नेपाल प्रहरीको अधिकारी भएर सेवा गर्न पाएकोमा उनी खुशी ब्यक्त गर्दछन।



**असार १४ गते सोमबार गाईघाटको तरकारी भाउ**

| | | |
|---|---|---|
| १, | आलु | रु ३० |
| २, | अदुवा | रु १२० |
| ३, | टमाटर | रु ६० |
| ४, | बन्दा | रु ५० |
| ५, | भेन्टा | रु ४० |
| ६, | खुर्सानी | रु ८० |
| ७, | मुला | रु ४० |
| ८, | पर्बल | रु ६० |
| ९, | तितेकरेला | रु४० |
| १०, | भिन्डी | रु ४० |
| ११, | च्याउ | रु २०० |
| १२, | फुलकोबी | रु १०० |
| १३, | फर्सि | रु ५० |
| १४, | कटहर | रु ४० |
| १५, | काका | रु ४० |
| १६, | धनियाँ | रु ८० |
| १७, | लोकलबोडि | रु ८० |
| १८, | खर्बुजा | रु ४० |
| १९, | रायो साग | रु १०० |
| २०, | लट्टे साग | रु ६० |
| २१, | प्याज | रु ५५ |
| २२, | निगुरो | रु २५ |
| २३, | दुध | रु ७० |
| २४, | दहि | रु ९० |
| २५, | महि | रु ५० |
| २६, | घिउ | रु ७०० |
| २७, | रागाको मासु | रु ४०० |
| २८, | बंगुरको मासु | रु ४०० |
| २९, | खसिको मासु | रु १००० |
| ३०, | कुखुराको मासु | रु ३२० |


## सार्वजनिक हितका लागि उदयपुरगढी गाउँपालिकाको सूचना!

*'सहभागितात्मक, समावेशी तथा साझेदारीपूर्वक विकास निर्माण, स्वच्छ, निष्पक्ष तथा सुशासनयुक्त कार्यशैली हाम्रो अभियान !'*

**जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता र अशक्त नागरिकप्रति जिम्मेबार बनौं। जन्म, मृत्यु, बसाई सराई, बिबाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घट्ना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गएर दर्ता गरौं, गराऔं।**

**उदयपुरगढी गाउँपालिका**

**उदयपुर**

## युरोकपबाट

# पोर्चुगल र नेदरल्याण्ड्स बाहिरियो

❖ बिबेक राई

*उदयपुर, असार १४*

यूरोपियन फुटबल च्याम्पियनसिप (यूरोकप) को जारी प्रतियोगिताबाट क्रिश्चियानो रोनाल्डोको कप्तानीमा रहेको पोर्चुगल र जर्जिनियो विज्नाल्डमको नेदरल्याण्ड्स प्रतियोगिताबाट बाहिरिएको छ। दुवै टोली यूरोकपको एकएक पटकको विजेता हुन् । पोर्चुगल गत संस्करणको विजेता हो भने नेदरल्याण्ड्सले १९८८ मा भएको आठौं संस्करणको उपाधि जीतेको थियो । तर आईतबार बेलुका ९:४५ बजे सुरु भएर मध्यराति सकिएको खेलमा चेक रिपब्लिकले नेदरल्याण्ड्सलाई स्तब्ध पाऱ्यो।

फिफा वरियतामा ४० औं स्थानमा रहेको चेक रिपब्लिकले १६ औं स्थानमा रहेको नेदरल्याण्ड्सलाई २-० ले स्तब्ध पारेको हो । दुवै टोली छनौट खेलमा समुह उपविजेता बन्दै छनौट भएर यूरोकपमा खेल्न आएका थिए। छनौट खेल खेल्दा चेक रिपब्लिक समुह ए र नेदरल्याण्ड्स समुह सी को उपविजेता भएका थिए। छनौट भएर आइसकेपछि जारी यूरोकपमा नेदरल्याण्ड्स समुह सी मा र चेक रिपब्लिक समुह डी मा परेका थिए । नेदरल्याण्ड्स समुहको सबै तीन खेल जीत्दै शतप्रतिशत नतिजाको साथ समुह सी को विजेता बन्दै शिर्ष १६ मा आइपुगेको थियो ।

चेक रिपब्लिक भने समुह डी मा तेस्रो भएको थियो । समुहको विजेता र उपविजेताले शिर्ष १६ अर्थात प्रि-क्वाटरफाइनलमा स्थान बनाउछ भने छ वटा समुहको तेस्रो हुनेमध्ये उत्कृष्ट चार वटा टोलीले पनि शिर्ष १६ खेल्नु पाउने नियम छ। सोही उत्कृष्ट हुने तेस्रो टोलीको कोटामा भाग्यबस पर्दै शिर्ष १६ आइपुगेको चेक रिपब्लिकले समुह चरणमा शतप्रतिशत नतिजा निकाल्दै शिर्ष १६ खेल्न आइपुगेको नेदरल्याण्ड्सलाई हराउन सफल भयो। पहिलो हाफ प्रतिस्पर्धात्मक रुपमा गोलरहित बराबरी खेलेपनि नेदरल्याण्ड्स दोस्रो हाफमा लगालग दुई गोल खान पुगेको थियो ।

उसो त ५५ औं मिनेटमा डिफेन्डर म्याथिज्स डि लाइटले रातो कार्ड पाउनुले पनि नेदरल्याण्ड्सको खेलमा प्रभाव पारेको थियो । डिबक्सको ठिक अगाडि चेक रिपब्लिकका फरवार्ड प्याट्रिक सिकसँग प्रतिस्पर्धा गर्ने क्रममा लड्दै हातले बललाई रोकेपछि उनलाई पहैंलो कार्ड दिइएको थियो । तर चेक रिपब्लिकका खेलाडीले गोलको सम्भावना बोकेको बललाई डि लाइटले हातले रोकेको भन्दै भिडियोमा रिप्ले हेर्न अपिल गरेका थिए। त्यसपछि भिडियो असिस्टेन्ट रेफ्री (भार) को मद्दतमा रसियाका रेफ्री सर्जी कारासेभले डि लाइटलाई रातो कार्ड दिएका थिए ।

विपक्षी टोलीमा एक खेलाडी कम भएपछि हौसिएका चेक रिपब्लिक ६८ औं मिनेटमा गोल गर्न सफल भयो। टोमाज होल्सले गोल गर्दै डच टोलीविरुद्ध अग्रता दिलाएका थिए । उनी नै खेलपछि स्टार अफ द म्याच चुनिए । निर्धारित ९० मिनेट सकिन दुई मिनेट बाँकी रहँदा प्याट्रिक सिकले एक गोल थप गरेपछि चेक रिपब्लिक २-० को जीत पक्का गर्न सफल भयो । सिकको यो जारी प्रतियोगितामा चौथो गोल हो। अहिलेसम्म पाँच गोलसहित पोर्चुगलका क्रिश्चियानो रोनाल्डो शिर्ष गोलकर्ताको सूचीमा छन्।

हारले नेदरल्याण्ड्स प्रतियोगिताबाट बाहिरिएको छ भने जीतपछि चेक रिपब्लिक क्वाटरफाइनल प्रवेश गरेको छ । हंगेरीको राजधानी बुडापेस्टस्थीत पुस्कस एरिना रंगशालामा नेदरल्याण्ड्स ५-३-२ र चेक रिपब्लिक ४-२-३-१ को रणनीतिमा मैदान उत्रिएको थियो। उसो त हेड टु हेडमा पनि नेदरल्याण्ड्स ***बाँकी ३ पेजमा***



**फुटबल खेल्ने खेलमैदान ।** उदयपुर जिल्लाको पूर्वी चौदण्डीगढी नगरपालिका ६ बेल्टार सिर्वानीस्थित फुटबल खेल्ने खेल मैदान । तस्विर - बुद्धि कुमार राई ।


**समयमै कर तिरौं : असल नागरिकको परिचय दिऔं**

- आफुले सञ्चालन गरेको व्यापार, व्यवसाय गाउँपालिकामा गएर दर्ता गरौं र समयमै नविकरण गर्ने गरौं ।
- व्यवसाय दर्ता गरेर मात्र व्यापार, व्यवसाय सञ्चालन गरौं, असल व्यवसायीको पहिचान कायम गरौं ।
- उपभोक्ताको स्वास्थ्यमा प्रतिकुल असर पार्ने कुनै किसिमका खाद्य बस्तुको बिक्री वितरण नगरौं।
- विना इजाजत मदिराजन्य पदार्थको विक्री वितरण नगरौं ।
- खाद्य र अखाद्य वस्तु एकै ठाउँमा राखेर विक्री वितरण नगरौं ।
- समयमै कर तिरौं : कर तिर्न बिलम्ब गर्दा हुनसक्ने जरिवाना र हर्जाना तिर्नबाट बचौं ।

**रौतामाई गाउँपालिका**
भुटार, उदयपुर



**उदयपुरगढी गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**उदयपुरगढी, उदयपुर**
**कृषि शाखा**

**जनहितमा जारी सन्देश ।**

- कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं,
- किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं,
- कृषिमा आत्मनिर्भर, पशु पालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं,
- बाँझो जमिन उपभोग गरि खाद्यान्न संकट हटाउनमा जोड दिऔं,
- मानव स्वास्थ्य र वातावरणलाई बचाउन अर्गानिक खेती प्रवर्द्धन गरौं,
- माटोमा जिवित वस्तुहरुको संख्या वृद्धि गरि माटोको उर्वराशक्ति बढाऔं,
- उपयोगी मित्र जिव किराको संरक्षण गरौं,
- रसायनिक विषादीका नकारात्मक असरहरु बारे सचेत रहौं,
- रैथाने बालीवस्तुको संरक्षण गरौं,
- बाली बिमा गरौं, भवितव्यबाट हुने क्षतिको न्यूनीकरण गरौं,
- सिमसार तथा सार्वजनिक कुवा, कुलो, पैनीको संरक्षण गरौं ।

Ad by Nagarikonline



माझखर्क साप्ताहिकको सह-प्रकाशन मुलुकी दैनिक

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई (बुद्धि चामलिङ राई)
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय – त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोन:– ०३५-४२०३९४/९८५२८३५८८८
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट